# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८३/०८४
चलानी नं.:

मितिः२०८३/०४/१३

<u>खाद्य व्यवसाय सञ्चालन गर्ने सेवा प्रदायकको दायित्व सम्बन्धी सूचना।</u>

प्रस्तुत विषयमा, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको पत्र तथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ९ को उपदफा (२)(क) बमोजिम सेवा प्रदायक खाद्य व्यवसाय (होटेल, मोटेल, लज, रेष्टुरेण्ट, रिसोर्ट वा बार र खाने वा पिउने सेवा प्रदान गर्ने क्याटरिङ्ग, क्याण्टिन, भोजनालय, मिठाई पसल, चिया पसल, चमेना गृह वा यस्तै अन्य कुनै नामबाट खाद्य व्यवसाय सेवा प्रदान गर्ने व्यक्ति) ले स्थानीय तहबाट अनुमतिपत्र प्राप्त गरी मात्र व्यवसाय सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकोले, यस नगरपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका तथा नयाँ सञ्चालन गर्न इच्छुक सम्पूर्ण खाद्य व्यवसायीहरूले अनुमतिपत्र प्राप्त गरी तपसिल बमोजिम समेतका मापदण्डहरूको पालना गर्दै व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ।

अनुमतिपत्र प्राप्त नगरी वा कानुन बमोजिमको मापदण्ड पालना नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१, तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने बेहोरा समेत जानकारी गराइन्छ।

<u>तपसिलः</u>

(क) तोकिएको मापदण्ड बमोजिमका खाद्य पदार्थ उपलब्ध गराउने।

(ख) खाद्य पदार्थको प्रकृति अनुरुप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिम आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने।

(ग) खाद्य पदार्थ तयारी तथा वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा राख्ने।

(घ) पहिचान पद्धति (ट्रेसियाबिलिटी) कायम गर्ने।

..............................
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**